नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

नेपाल प्राकृतिक र सांस्कृतिक सम्पदाले सम्पन्न मुलुक हो । सबै जाति समुदायमा लुकेर बसेको प्रतिभा विकास हुने अवसर र वातावरण निर्माण गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रयास हुनु आवश्यक छ । राजनीति, भाषा, साहित्य, कला, संस्कृतिको विकास देश विकासको मेरुदण्ड हो । यसले समग्र विकासलाई अघि वढाउन आधार र उत्प्रेरणाको काम गर्दछ । नेपालको राजनीतिक तथा सांस्कृतिक परिवर्तन, भाषा, साहित्य, कला, संस्कृति ईतिहास लगायत विधा र क्षेत्रमा अनवरत रुपमा क्रियाशिल विभिन्न स्रष्टाहरुले देशको सर्वाङ्गीण विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ। स्रष्टाहरुले यस क्षेत्रमा पु-याएको योगदानको उचित मूल्याङ्कन गरी वहाँहरुको कदर एवं सम्मान गर्नु राज्यको दायित्व हो । यसै सन्दर्भमा पुरस्कारसँग सम्वन्धी स्वीकृत कार्यविधि बमोजिम आवेदन माग गरी संकलित विवरण र सो विषयसँग सम्वन्धित आधिकारिक संस्थाहरुको रोष्टर समेतको आधारमा मूल्याङ्कन गरी छनौट भै सिफारिश हुनुभएका श्रष्टाहरुलाई नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७।०३।१४ को निर्णयानुसार पुरस्कार समर्पण गर्ने निर्णय भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले वि.स. २०५१ सालदेखि **राष्ट्रिय तथा प्रतिभा पुरस्कार**को स्थापना गरी संस्कृति, संगीत तथा नाट्य, ललितकला र भाषा साहित्य गरि चार विधागत क्षेत्रका स्रष्टाहरुलाई स्रष्टाहरुलाई सम्मान एवं कदर गर्दै आएकोमा गत वर्षदेखि जनही रु. १,००,०००।- को राष्ट्रिय प्रतिभा पुरस्कार र हरेक प्रदेशबाट जनही रु. ५०,०००।- नगदको प्रादेशिक प्रतिभा पुरस्कारबाट सम्मानित गर्ने निर्णय भएको छ। यस अन्तर्गत भाषा साहित्य विधातर्फ नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपतिज्यूको संयोजकत्वमा, संस्कृति विधातर्फ नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपतिज्यूको संयोजकत्वमा, संगीत तथा नाट्य विधा तर्फ नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको कुलपतिज्यूको संयोजकत्वमा र ललितकला विधातर्फ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको कुलपतिज्यूको संयोजकत्वमा पुरस्कार चयन समिति गठन गरिएको थियो ।

नेपालको राजनीतिक परिवर्तन तथा विकास र समृद्धिका निम्ति गरिएका महत्वपुर्ण योगदानको कदरस्वरुप संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आ.व. २०६८/०६९ देखि **पुष्पलाल राष्ट्रिय पुरस्कार**को स्थापना गरेको छ । यो पुरस्कारमा राजनीतिक/सैद्धान्तिक; इतिहास; तथा साहित्य, संस्कृति र विज्ञान गरी ३ विषयगत विधामा स्रष्टा छनौट गरी नगद रु. १,००,०००।- राशी सहित पुरस्कारबाट सम्मानित गर्ने निर्णय भएको छ। यस अन्तर्गत संस्कृति महाशाखा प्रमुख श्री सुरेश आचार्यको संयोजकत्वमा ५ सदस्यीय पुरस्कार चयन समिति गठन गरिएको थियो । सो समितिमा डा. गंगालाल तुलाधर, श्री मोहन बहादुर के.सी., डा. गोविन्द बहादुर थापा र पुनमलाभ कर्ण सदस्य रहनु भएको थियो ।

यसै गरी महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्य क्षेत्रमा पु-याउनु भएको अतुलनीय योगदानको कदर स्वरुप वि.सं. २०६८ सालमा वहाँको नाममा स्थापना भएको **महाकवि देवकोटा पुरस्कार** बाट हरेक वर्ष कविता, निवन्ध, गद्याख्यान/नाटक, वालसाहित्य, लोकसाहित्य र भाषा साहित्य गरि पाँच विधामा रु. १,००,०००।- नगद र सम्मानपत्रबाट सर्जकहरुलाई सम्मान गरिदै आएको छ । यस वर्ष समेत उक्त पुरस्कारबाट पाँच जना श्रष्टाहरु सम्मानित गर्ने निर्णय भएको छ। यसका लागि नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य-सचिवको संयोजकत्वमा ४ सदस्यीय पुरस्कार चयन समिति गठन गरिएको थियो ।

सह-सचिव

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

यसै गरी समाज सुधार , सामाजिक न्याय ,समता तथा दलित मुक्ति आन्दोलनमा अविस्मरणीय योगदान पु-याउनु भएका भगत सर्वजित विश्वकर्माको कदर स्वरुप नेपाल सरकारले वि.सं. २०७३ साल देखि **भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार** स्थापना गरेको छ। उक्त पुरस्कारको निरन्तरताका लागि यस वर्ष पनि समाज सुधार; मानव अधिकार र सीप कला, शिक्षा, साहित्य, लेखन तथा अनुसन्धान गरी ३ वटा विषयगत विधामा रु. १,००,०००।- नगद राशीबाट तीनजना स्रष्टाहरुलाई सम्मान गर्ने निर्णय भएको छ। यसका लागि संस्कृति महाशाखा प्रमुख श्री सुरेश आचार्यको संयोजकत्वमा ५ सदस्यीय पुरस्कार चयन समिति गठन गरिएको थियो । सो समितिमा डा. निर्मल कुमार विश्वकर्मा, श्री भोजमान लाम्गादे, श्रीमती सुशिला सिर्पाली र मन्त्रालय संस्कृति शाखाका उपसचिव श्री दुर्गा प्रसाद भुर्तेल सदस्य रहनु भएको थियो ।

यसै गरी बरिष्ठ साहित्यकार गोपालप्रसाद रिमालले नेपाली साहित्यको श्रीबृद्धिमा पु-याउनु भएको अतुलनीय योगदानको कदर स्वरुप नेपाल सरकारले वि.सं. २०७५ साल देखि **गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार** स्थापना गरी पुरस्कार समर्पण गर्ने गरेको छ । उक्त पुरस्कारको राशी नगद रु. १,००,०००।- रहेको छ । यस वर्ष नेपाली भाषा, साहित्य विशेषत कविता र नाटक विधामा विशिष्ट योगदान दिनुहुने २ जना सर्जकहरुलाई उक्त पुरस्कार समर्पण गर्ने निर्णय भएको छ। यसका लागि नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपतिज्यूको संयोजकत्वमा ३ सदस्यीय पुरस्कार चयन समिति गठन गरिएको थियो ।

**विभिन्न पुरस्कार प्राप्त गर्ने श्रष्टा/व्यक्तित्व/संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ :-**

## क. राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कारको विवरण :-

### संस्कृति विधा तर्फ

**राष्ट्रिय प्रतिभा पुरस्कार :- श्री बुद्धिनारायण श्रेष्ठ, अनामनगर, काठमाडौं,**

| सि.नं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रस्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री चन्द्र कुमार राई, हतुवाली | भोजपुर |
| २ | २ नं. प्रदेश | डा. रामसागर पण्डित | धनुषा,जनकपुर |
| ३ | बाग्मती प्रदेश | डा. गौतमबीर वज्राचार्य | ललितपुर |
| ४ | गण्डकी प्रदेश | प्रा.श्री ज्ञानबहादुर कार्की | स्याङ्जा |
| ५ | ५ नं. प्रदेश | श्री विक्रममणि त्रिपाठी | कपिलवस्तु |
| ६ | कर्णाली प्रदेश | श्री वासुदेव उपाध्याय | जुम्ला |
| ७ | सुदुर पश्चिम प्रदेश | श्री सुरतबहादुर शाह | धनगढी, कैलाली |

सह-सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

## भाषा साहित्य विधा तर्फ

**राष्ट्रिय प्रतिभा पुरस्कार :-प्रा.डा. दयाराम श्रेष्ठ 'सम्भव',कुमारी क्लव,बल्खु-१४,काठमाडौ,**

| सि.नं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रस्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री सुरेश हाचेकाली | खोटाङ्ग |
| २ | २ नं. प्रदेश | श्री नवराज रिजाल | बारा |
| ३ | बाग्मती प्रदेश | श्री गोपी मैनाली | काभ्रेपलाञ्चोक |
| ४ | गण्डकी प्रदेश | श्री तर्कना शर्मा | कास्की |
| ५ | ५ नं. प्रदेश | श्री श्रीधर पौडेल | दाङ्ग |
| ६ | कर्णाली प्रदेश | डा. ओम प्रकाश आचार्य | जुम्ला |
| ७ | सुदुर पश्चिम प्रदेश | श्री मिहीलाल उपाध्याय'पुष्प' | धनगढी, कैलाली |

## ललितकला विधा तर्फ

**राष्ट्रिय प्रतिभा पुरस्कार :-श्री श्याम लाल श्रेष्ठ, काठमाडौ,**

| सि.नं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रस्टा वा संस्थाको नाम | ठेगना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री जीवनाथ पोखरेल | सुनसरी |
| २ | २ नं. प्रदेश | श्री सरिता देबी मण्डल | धनुषा |
| ३ | बाग्मती प्रदेश | श्री चन्द्रश्याम डंगोल | ललितपुर |
| ४ | गण्डकी प्रदेश | श्री महेश आचार्य | स्याङ्गजा |
| ५ | ५ नं. प्रदेश | श्री सुमित्रा राना, सुत्पराई | गुल्मी |
| ६ | कर्णाली प्रदेश | श्री भिम बहादुर सिहं | कालीकोट |
| ७ | सुदुर पश्चिम प्रदेश | श्री रविन्द्र बहादुर चन्द | डोटी |

## संगित तथा नाट्य विधा तर्फका

**राष्ट्रिय प्रतिभा पुरस्कार :-श्री सत्य नारायण चौधरी, सिराहा,**

| सि.नं. | प्रादेशिक प्रतिभा पुरस्कार | स्रस्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ नं. प्रदेश | श्री भरत गरुङ्ग | ताप्लेजुङ्ग |
| २ | २ नं. प्रदेश | श्री हिरा कुमारी दर्लामी | महोतरी |
| ३ | बाग्मती प्रदेश | श्री केशर कालीकोटे | रामेछाप |
| ४ | गण्डकी प्रदेश | श्री मन कुमार श्रेष्ठ | तनहु |
| ५ | ५ नं. प्रदेश | श्रीमती लक्ष्मी न्यौपाने | पाल्पा/ रुपन्देही |
| ६ | कर्णाली प्रदेश | श्री कृपाराम शर्मा धमला | कालीकोट |
| ७ | सुदुर पश्चिम प्रदेश | श्री मनोहर राम दमाई | बैतडी |

सह-सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

**ख. २०७६ सालको महाकवि देवकोटा पुरस्कारका लागि छनौट हुनुभएका व्यक्ति वा संस्था :**

| सि.नं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | कविता | श्री मोहन सिटौला | आठराई, तेह्रथुम हाल काठमाडौं |
| २. | निबन्ध | प्रा. केशव सुवेदी | दाङ |
| ३. | गद्याख्यान/नाटक | श्री पद्मावती सिंह | काठमाडौं |
| ४. | बाल साहित्य/लोक साहित्य | डा. मधुसूदन गिरी | दैलेख |
| ५. | भाषा साहित्य | श्री भैरव रिसाल | भक्तपुर |

**ग. २०७६ सालको गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कारका लागि छनौट हुनुभएका व्यक्ति वा संस्था :**

| सि.नं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | नाटक | श्री अभि सुवेदी (अभि नारायण सुवेदी ) | तेह्रथुम |
| २. | कविता | प्रा.घनश्याम उपाध्याय कँडेल | धादिङ |

**घ. २०७६ सालको पुष्पलाल राष्ट्रिय पुरस्कारका लागि छनौट हुनुभएका व्यक्ति वा संस्था :**

| सि.नं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | राजनीतिक र सैद्धान्तिक | श्रीमती स्नेहलता गुरुवाचार्य वन श्रेष्ठ | पाटनढोका, ललितपुर |
| २. | इतिहास | डा.माधवराज (माधव) पन्थी | कपिलवस्तु |
| ३. | साहित्य, संस्कृति र विज्ञान | श्री राष्ट्रिय आविस्कार केन्द्र | कीर्तिपुर, काठमाडौं |

**ङ. २०७६ सालको भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कारका लागि छनौट हुनुभएका व्यक्ति वा संस्था**

| सि.नं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | समाज सुधार अभियान तर्फ | श्री नवराज वि.क | जाजरकोट | मरणोपरान्त |
| २. | मानव अधिकार तर्फ | श्री त्रिभुवन चन्द्र वाग्ले | तनहुँ | |
| ३. | सीप कला, शिक्षा, साहित्य, लेखन तथा अनुसन्धान तर्फ | श्री तिलक परियार | बाँके | |

मितिः २०७७/०३/१५

रुद्रसिंह तामाङ
प्रवक्ता
सह-सचिव